
# लेखापरीक्षण प्रतिवेदन

# पुर्वखोला गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## पुर्वखोला गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/426

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष,

पुर्व खोला गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा।

## कैफियतसहितको राय

हामीले पुर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्रासी तथा भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड ७० लाख १४ हजार , स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकासको रु.२५ लाख २२ हजार, एकिकृत स्वास्थ्य क्षत्रे कार्यक्रमको रु.३६ लाख, तथा

स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१७ लाख ४६ हजार समेतगरी रु.१३ करोड ७२ लाख ८३ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब १२ करोड ६१ लाख ५ हजार लेखापरीक्षण गरिएकोमा रू. ३ करोड ५ लाख २३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १ करोड १९ लाख ६४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा प्रतिक्रियाबाट थप वेरुजु रु ७ लाख ४८ हजार समेत बाँकी बेरुजु रु.१ करोड ९३ लाख ७ हजार मध्ये असुल गर्नुपर्ने रू. १ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३९ लाख ५ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ५२ लाख ४९ हजार रहेको छ।गत वर्षसम्म रु. १५ करोड ८५ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ७८ लाख ४० हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरणतर्फको निकासा खर्च समावेश नगरेकोले, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पुर्वखोला गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्नपर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपरव्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित)बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पुर्वखोला पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, गाउँ पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणकोलेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु (रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८३ | ३३ | ३०५२३ | ० | १४ | ११९६४ | ७४८ | ८३ | १९ | १९३०७ | १५३ | १५२४९ | ३९०५ | ० | ० | १९१५४ | ० |

अद्यावधिक बेरुजू स्थिति (रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | २१५७७३ | ० | ५७२४० | १५८५३३ | ० | १९३०७ | १७७८४० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४८.२ | सौर्य बत्ती जडान | ६७५५१ |

| | | | | |
|---|---|---|---|---|
| २ | २०८०/८१ | ४६.२ | विद्यालय समायोजन कार्यक्रम | ९०२००० |
| ३ | २०८०/८१ | ५२.३, ५२.५ | प्रशासनिक भवन | ५५८९०३ |
| ४ | २०८०/८१ | ५०.१ | परामर्शदातालाई भुक्तानी | ७५७९७ |
| ५ | २०८०/८१ | ७० | थप पाठ्यपुस्तक वितरण | २३४९६ |
| ६ | २०८०/८१ | ५४.४ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १०३३६६१२ |
| ७ | २०७९/८० | ४५ | पेश्की अल्या नगरेको | २१९००००० |
| ८ | २०७९/८० | ४२.४ | गाउँपालिकको प्रशासकिय भवन निर्माण | १८००००० |
| ९ | २०७८/७९ | २६ | जमानत म्याद र पेश्की | ३३५४०००० |
| | | | **जम्मा** | **६९२०४३६०** |

# (८०५५०५०३३०० - पुर्वखोला गाउँपालिका, पाल्पा )

# परिचय

१ **परीचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१० देखि २०८१ ।८।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब १२ करोड ६१ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २०३०१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | ३३६९ |
| २ | अवकास शिक्षक तलव बढी निकासा | १६९३२ |
| | **जम्मा** | **२०३०१** |

२ **वित्तिय प्रतिवेदन**

**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

सुत्र अनुसार २७० ले देखाएको आय व्ययको विवरण निम्नानुसार छ ।

**आर्थिक बर्ष २०८०/०८१ वित्तिय प्रतिवेदन**

| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| **राजस्व,अनुदान र अन्य प्राप्ति** | | | | |
| कर | ७,८४,५१,९६९.८२ | ७,८४,५१,९६९.८२ | ६,८६,१९,०९२.९८ | ६,८६,१९,०९२.९८ |
| अनुदान | ३१,९३,७२,८१५.५४ | ३१,९३,७२,८१५.५४ | ३५,०४,४२,४१०.७५ | ३५,०४,४२,४१०.७५ |
| अन्य राजस्व | ४७,१५,५००.२७ | ४७,१५,५००.२७ | ६१,९१,२८०.८८ | ६१,९१,२८०.८८ |
| **कुल जम्मा प्राप्ति** | ४०,२५,४०,२८५.६३ | ४०,२५,४०,२८५.६३ | ४२,५२,५२,७८४.६१ | ४२,५२,५२,७८४.६१ |
| चालु | २९,७६,७३,९९८.३६ | २९,७६,७३,९९८.३६ | ३०,००,८६,७१८.४० | ३०,००,८६,७१८.४० |
| पारिश्रमिक / सुविधा | ४,००,१९,९५८.३६ | ४,००,१९,९५८.३६ | २,०२,४२,२३४.३२ | २,०२,४२,२३४.३२ |
| मालसामान तथा सेवाको उपयोग | ८,६९,७४,७३७.०० | ८,६९,७४,७३७.०० | ६,६६,३१,२३३.०० | ६,६६,३१,२३३.०० |
| सहायता (Subsidy) | १६,५३,३६,५९५.०० | १६,५३,३६,५९५.०० | १२,५३,३३९.०० | १२,५३,३३९.०० |
| अनुदान | १७,८०,०५१.०० | १७,८०,०५१.०० | २०,९०,१७,७४५.०८ | २०,९०,१७,७४५.०८ |
| सामाजिक सुरक्षा | २५,५०,४०५.०० | २५,५०,४०५.०० | १६,६१,५९५.०० | १६,६१,५९५.०० |
| अन्य खर्च | १०,१२,२५२.०० | १०,१२,२५२.०० | १२,८०,५७२.०० | १२,८०,५७२.०० |
| पूंजीगत | १०,८७,८२,८७३.०० | १०,८७,८२,८७३.०० | १३,९९,८६,२३६.०० | १३,९९,८६,२३६.०० |
| भवन तथा संरचना | १,७८,८५,२९३.०० | १,७८,८५,२९३.०० | ४,३१,८९,०८१.०० | ४,३१,८९,०८१.०० |
| सवारी साधन,मेशिनरी औजार,फर्निचर्स तथा फिक्चर्स | २६,५६,८९८.०० | २६,५६,८९८.०० | २७,७७,६७९.०० | २७,७७,६७९.०० |
| अन्य पूँजीगत खर्च | २०,१६,६१२.०० | २०,१६,६१२.०० | २५,१६,४६२.०० | २५,१६,४६२.०० |
| सार्वजनिक निर्माण | ८,६२,२४,०७०.०० | ८,६२,२४,०७०.०० | ८,८९,८०,७२४.०० | ८,८९,८०,७२४.०० |
| निर्मितसरचनाको सुधार | ० | ० | १५,४३,३४३.०० | १५,४३,३४३.०० |
| मौज्दात सामानहरु | ० | ० | ९,७८,९४७.०० | ९,७८,९४७.०० |
| **कुल जम्मा भुक्तानी** | ४०,६४,५६,८७१.३६ | ४०,६४,५६,८७१.३६ | ४४,००,७२,९५४.४० | ४४,००,७२,९५४.४० |
| **बचत /कमी (ग = क-ख )** | (३९,१६,५८५.७३) | (३९,१६,५८५.७३) | (१,४८,२०,१६९.७९) | (१,४८,२०,१६९.७९) |
| **कोषको मौज्दात** | ६,८१,४५७.९८ | ६,८१,४५७.९८ | ४२,०६,७२७.०० | ४२,०६,७२७.०० |
| **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | ८७० | ८७० |
| **यस आ.ब.को नगद तथा बैंक मौज्दात** | (३२,३५,१२७.७५) | (३२,३५,१२७.७५) | (१,०६,१३,४४२.७९) | (१,०६,१३,४४२.७९) |
| **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २,९५,८२,४५४.३८ | २,९५,८२,४५४.३८ | ४,०१,९५,८९७.१७ | ४,०१,९५,८९७.१७ |
| **बैंक मौज्दात** | २,६३,४७,३२६.६३ | २,६३,४७,३२६.६३ | २,९५,८२,४५४.३८ | २,९५,८२,४५४.३८ |

संघिय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय-व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | सामाजिक सुरक्षा भत्ता वितरण | ९७०१४८२७ | १ | सामाजिक सुरक्षा भत्ता वितरण | ९७०१४८२७ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १७४५७२२ | २ | मृगौला डाइलासिस क्यान्सर र पक्षघातका विरामिलाइ मासिक भत्ता | १७४५७२२ |
| ३ | एकिकृत स्वास्थ्य पूर्वाधारविकास कार्यक्रम | ३६०००२५३ | ३ | एकिकृत स्वास्थ्य पूर्वाधारविकास कार्यक्रम | ३६०००२५३ |
| ४ | स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास | २५२२५२१ | | स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास | २५२२५२१ |
| | जम्मा | १३७२८३३२३ | | जम्मा | १३७२८३३२३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९७०१४८२७।-,एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ३६०००२५३।– ,स्थानिय तह प्रशसकीय भवन पुर्वाधार विकास कार्यक्रमको रु. २५२२५२१।–र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम को रु. १७४५७२२।-समेत गरी रु. १३७२८३३२३।- एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन तर्फ ध्यान दिनुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारिण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **योजनाको प्राथमिकीरणः**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | ७५भन्दा माथि |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | |
| कार्यक्रम संख्या | ३६८ | १२ | २० | १० | ३० | २९६ |

उल्लेखित विवरणको परीक्षण गर्दा शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा स्रोत अभाव,निर्माण व्यावसायि बाट भएको ढिलाई,जग्गा विवाद लागायतको कारण कारण देखाईए तापनि कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १६००००००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु. ५६१८९३१।-अर्थात अनुमान भन्दा ६४.८८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र. स. | संकेतनं. | राजश्वशीर्षक | आ.व.०७९।०८० राजश्व संकलन | आ.व.०८०।०८१ राजश्व संकलन | बढी/घटीरकम |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ती कर | ० | २८५ | २८५ |
| २ | ११३१४ | भुमि कर/मालपोत | ५६४८०१ | ७२२१४८.६९ | १५७३४७.६९ |
| ३ | १४६११ | व्यवसाय कर | ३४४२७० | २१९१० | -३२२३६० |
| ४ | ११३१७ | वहाल कर | ४२५८६४.८ | १६५१९६.०७ | -२६०६६८.७३ |
| ५ | ११३१८ | वहाल विटौरी कर | ० | २४००० | २४००० |
| ६ | ११४५१ | सवारी साधन कर(साना सवारी) | ० | २०० | २०० |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | २४०१७५ | २४०१७५ |
| ८ | ११६३१ | कृषितथा पशुजन्य | ० | २६५१५ | २६५१५ |
| ९ | १४२१३ | अन्य बिक्रीवाट प्राप्त रकम | ० | ४००० | ४००० |
| १० | १४२१८ | विद्युत सेवा शुल्क | ० | ३०० | ३०० |
| ११ | १४२२१ | न्यायिक दस्तुर | ० | १०५० | १०५० |
| १२ | १४२२१ | शिक्षा क्षेत्रको आम्दानी | ० | ३५०० | ३५०० |
| १३ | १४२२४ | परीक्षा शुल्क | ३३१०० | २५०० | -३०६०० |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २७८३०७.२४ | २७८३०७.२४ |
| १५ | १४२४२ | नक्सापास दस्तुर | ४७३२ | २२६५३ | १७९२१ |
| १६ | १४२४३ | सिफारिश दस्तुर | १९८२२८० | १३७६२२७ | -६०६०५३ |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५६०००० | ७६७१७० | २०७१७० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ८२२०० | ८२२०० |
| १९ | १४२४५ | अन्य दस्तुर | ४५५६१० | ४६२७५२ | ७१४२ |
| २० | १४२४९ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ९४६५० | ९४६५० |
| २१ | १४२६२ | विद्युत सम्वन्धी दस्तुर | ० | ८०० | ८०० |
| २२ | १४२६५ | अन्य क्षेत्रको आय | २२१९५८.२८ | ७८९५० | -१४३००८.२८ |
| २३ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ० | ३०० | ३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ११७५० | ११७५० |
| २५ | १४५२९ | अन्य राजश्व | ३५१८८० | १९०१०५ | -१६१७७५ |
| २६ | ११६९१ | अन्य कर | ७०९४६१.८ | १०४१२८७ | ३३१८२५.२० |
| | | जम्मा | ५६५३९५७.८८ | ५६१८९३१ | -३५०२६.८८ |

यसरि माथि उल्लेखित तथ्याङ्कको आधारमा आ.ब.२०७९।८९ मा भन्दा २०८०।८१ मा रु.३५०२६.८८ राजस्व कम असुली भएको देखिन्छ । पालीकाले राजस्वको स्रोतमा कम हुंदै गएको र बसाइ सरेर जाने बढेको कारण राजश्व असुलीमा कमि भएको जनाएको छ । राजस्व अनुमानलाई यथार्थपरक बनाउँदै करको दायरामा विस्तार गर्नु पर्न देखिन्छ।

## ९ केन्द्रीय अनुदानबाट तथा आन्तरिक आयः

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९०८२१०३५.५४ | ५६१८९३१ | १.९३ |

## १० योजना तथा वजेट कार्यान्वयनः

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. ११ करोड ५ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.१ करोड ६० लाख ७६ हजार मिति २०८०।१०।२६ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ३.३६ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये २ योजनामा रु.२०००००।- खर्च गरेको छैन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ११ लक्ष्य प्रगति :

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ३०५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४८ | ९ | २ | ३७ |
| २. | वडा स्तरीय | २५७ | ० | १७ | २४० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २८५ योजनामात्र कार्यान्वियन भई २० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

## १२ खर्च बिश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.५६१८९३१।-राजस्व बाँडफाँड र अनुदानबाट रु.४१५८७६९०९।-समेत रु. ४२१४९५८४०।-आम्दानी भएकोमा चालु तर्फ रु.२९७६७३९९८।-र पूँजिगत तर्फ रु.१०८७८२८७३।-समेत रु.४०६४५६८७१।-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६५४७०००।-खर्च भएको छ जुन आन्तरिक आयको ११६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.६४ प्रतिशत चालु र २४.९७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ । पालिकाको विगत दुई बर्षको प्रशासनिक खर्चको स्थिति देहायअनुसार रहेको छ ।

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्चरु. | २०८०।८१ को खर्च रु. | वृद्धिको/घटिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १४७९१२८७ | १७३७३०९३ | कर्मचारी संख्यामा बृद्धि |
| २ | वैंठक भत्ता | २७९४५७५ | २९००००० | कार्यक्रमहरुमा बृद्धि |
| ३ | खाजा/खाना | १४८८१२१ | १५३३६७५ | बैठक/अतिथि आगमनमा बृद्धि |
| ४ | इन्धन | १५००००० | १४७४४९६ | बाटो सोर्ने काम कम भएको |
| ५ | मसलन्द | ७६२९२१ | १२९४०७५ | कार्यालय कोठा थप व्यवस्थित |

विगत दुईबर्षको तुलना गर्दा चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कर्मचारी संख्यामा बृद्धि कार्यक्रमहरुमा बृद्धि बैठक/अतिथि आगमनमा कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्चप्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | २२७०५००० | १७९१६९२४ | ७८.९१ |
| २ | पूर्वाधारविकास | ७९९००००० | ६१०६०३६० | ७६.४२ |
| ३ | सामाजिकविकास | २९३४२५००० | २५८२१५३०१ | ८८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४७७९००० | ११६४८९५० | ७८.८१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६५०३९३८५ | ५७६१५३३३ | ८८.५९ |
| **जम्मा** | | **४७५८४८३८५** | **४०६४५६८७१** | **८५.४१** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी 88 प्रतिशत र पूर्वाधार विकासमा क्षेत्र मा सबै भन्दा घटीमा 76.42 प्रतिशत रहेको छ । तसर्थ पालिकाले प्रभावकारी रुपमा स्रोतको परिचालन गरि पूर्वाधार विकासमा जोड दिनु पर्ने देखिन्छ ।

१४ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ११ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१५ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३ संघसंस्था र ५३ व्यक्तिहरुको लागि रु. १५६६२००।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१६ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकामा लेखापरीक्षणको दरवन्दि रहेकोमा पदपूर्ति नभएकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ दरवन्दिको परीपूर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१७ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१४ लाख ३३ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.२७ लाख ५६ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

१८ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९ **उपभोक्ता समिति मार्फत कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधि हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको ३४४ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.५ करोड ९७ लाख ३७ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

· उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको

देखियो ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/ कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

· बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । उपभोक्ता समितिमा बसेर कार्यगर्ने व्यक्तीको अभाव रहेको भन्ने पालिकाले जनाएको छ ।

· उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

२० **फरक दरमा निर्माण सामाग्रि प्रयोगः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा प्रयोग गरेको विलको आधारमा पनि कार्यसम्पन्न लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सिमेन्टको दरमा देहाय अनुसारको फरक भएको छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

| सि.नं | गो.भौ | उपभोक्ता समिति | खर्च रकम | नर्म्स अनुसार | खरिद र खपत | फरक रकम | जम्मा बढी |
|---|---|---|---|---|---|---|---|
| | | | | सिमेण्ट | सिमेण्ट | | |
| १ | २६।२०८१।३।२० | रातो पहाड कुलो सिंचाई योजना | १०५३०११ | २३०००० | १८४००० | ५१८९० | ४६७०१ |
| २ | ३१।०८१।३।२० | उद्बबुद्ब कलेज भौतिक पुर्वाधार सुधार | ५०९५५७ | १५००० | १२६०० | २७१२ | २४४० |
| ३ | २७९।२०८१।३।१७ | सत्यकोहल पर्यटकिय स्थल निर्माण | ७३२८५४ | ४५००० | ४०५०० | ५०८५ | ४५७६ |
| ४ | २७।२०८१।३।२० | सामुदायिक भवन निर्माण वडा नं.५ | १०५५२२२ | १४६५०० | १०२५५० | ४९६६३ | ४४६९६ |
| ५ | १५६।२०८०।१२।५ | मदन आश्रित प्रतिक्षालय निर्माण | ५२३८३८ | ६२५०० | ५७५०० | ५६५० | ५०८५ |
| ६ | १४२।२०८०।११।२२ | देवीनगर सिमल्दी मोहकाल मो.बा निर्माण | ५२६१०६ | ६१००० | ५४९०० | ६८९३ | ६२०३ |
| **जम्मा रु. -** | | | | | | | **१०९७०१** |

२१ **राजश्व ढिला दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था छ । यस पालिकाका देहायका वडा कार्यालयहरुमा संकलन भएको राजस्व ढिला दाखिला हुने गरेकोमा पालिकाले भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले वडा कार्यालयमा संकलित राजस्व समयमा दाखिल गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ **हेभी इक्विपमेण्टको प्रयोग:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित केहि सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| उपभोक्ता समिति | प्रयोग उपकरण | निर्माण व्यावसायि | सम्झौता रकम रु. | बिल रकम रु | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|---|
| सालबास टोक्से मोटर बाटो निर्माण | डोजर | अमृत कन्सट्रक्सन | १०४५८१५ | ९८९८८० | १०३६३०५ |
| दशै मोटरबाटो सरसफाई योजना | डोजर | मनकामना ब्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्स | ७३१८९९ | ६६९०३३ | ७२१७७८ |
| बासुघा मनोहरि सानोगल्धा मो.बा | डोजर | सुविधा कन्सट्रक्सन प्रा.ली | ५२२९६७ | ४९९५९९ | ५२८०९९ |
| मैदान सठिकोल मो.बा. निर्माण | डोजर | तिरुपाती मल्टिपरपश प्रा.ली | ८३७६१५ | ७६९००१ | ८३८१५८ |
| चालु सडक मर्मत योजना ३ नं. वडा | डोजर | पूर्वखोला कन्सट्रक्सन कम्पनि | ६३३९०५ | ५९४५९९ | ६४०४७६ |
| चालु सडक मर्मत संभार | डोजर | दिसुवा ब्रदर्श कन्सट्रक्सन प्रा.ली | ५२५९२७ | ४८४७७० | ५१५१५६ |
| तल्लो लाकुरी मोटरबाटो स्तरोन्नती योजना | डोजर | अमृत कन्सट्रक्सन | ५२२५३१ | ४८१३८० | ५२७८७० |

२३ **गत विगतको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ।पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १४३९०००।-भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तथा अन्य खर्चको भुक्तानी सम्वन्धित आर्थिक बर्षमा मात्रै खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|
| विद्यालय समायोजन | सम्बन्धित विद्यालय वा सेयर धनी | २१५००० |
| बेसार प्रशोधनको लागि विधुत जडान | जि.वि.एच महिला कृषक समूह | २००००० |
| लप्सीभन्ज्याङ्ग सामुदायिक भवन योजना | | ४००००० |
| मनकामना मन्दिर तथा पार्क निर्माण योजना | इन्द्रेणी समाज केन्द्र<br>लप्सीभन्ज्याङ टोल भवन तथा चौपारी मर्मत योजना योजना उ.स. | ३००००० |
| भट्टीडाँडा झो.पु. पूर्वखोला ६ लम्दी खोला ट्रस लाईखोला देवीनगर बिर्ताकोल डाँडा कलैली मन्दिरडाँडा झो पु | इन्द्रेणी समाज केन्द्र<br>बिर्ताकोलडाँडा घाट ट्रस<br>पुल निर्माण उ.स. | २५०००० |
| भट्टीडाँडा झो.पु. पूर्वखोला ६ लम्दी खोला ट्रस लाईखोला देवीनगर बिर्ताकोल डाँडा कलैली मन्दिरडाँडा झो पु | बिर्ताकोलडाँडा घाट ट्रस<br>पुल निर्माण उ.स. | १९००००० |
| पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | सम्बन्धित पत्रपत्रिका | ८००००० |
| प्र अ बैठक तथा खाजा खर्च | लोक हरी देवकोटा | ३२५००० |
| प्रशासकीय भवन पूर्वाधार निर्माण | विकोइ। दावा जे.भी. | १००००००० |
| | **जम्मा** | **१४३९०००** |

२४ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ ।कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, विपरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| गो भौ।मिति | कार्यक्रमको नाम | वितरण | रकम |
|---|---|---|---|
| ४१३।२०८१।०२।६ | जनजाती लक्षित कार्यक्रम ÷अध्ययन अवलोकन भ्रमण | इलाम पोखरा भेडेटार | १००००० |
| ४९२।२०८१।०२।६ | जनजाती लक्षित कार्यक्रम ÷अध्ययन अवलोकन भ्रमण | इलाम पोखरा कोशी व्यारेक | १००००० |
| ५३१।२०८१।०३।१६ | जेष्ठ नागरिक तथा अपाङ्ग लक्षित कार्यक्रम | Lampa Sirak ४२ थान १७७० को दरले | ८४००४ |
| ५६३।२०८१।०३।१९ | अपाङ्ग लक्षित कार्यक्रम | ट्याकसुट स्वीटर र सल (१५ तथा ६/६ थान) | ५०००० |
| ५५२।२०८१।०३।१८ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | थर्मस वितरण ५६ थान | ५०००० |
| ५६६।२०८१।०३।१९ | बौद्धिक तथा शारिरिक एवं सम्मान कार्यक्रम | ज्यामिति बक्स डटपेन कलर पेन्सिल | १५०००० |
| ५७०।२०८१।०३।२० | बालबालिका लक्षित कार्यक्रम | कचौरा तथा चम्चा ८ थान विद्यालयलाई वितरण | ४७८५० |
| २३।२०८०।१२।०९ | अध्ययन तथा अवलोकन भ्रमण | वाग्लुङ पञ्चकोट पर्वत र पोखरा | ७०००० |

२५ **स्वास्थ्य बीमा कार्यक्रमः**

पूर्व खोला भित्र बसोबास गर्ने जनसमुदायको आधारभूत स्वास्थ्यमा सहज र सुलभ पहुँच अभिबृद्धि गर्न अतिविपन्न तथा दलित समुदाय स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७८ तर्जुमा गरी पालिकाले यस बर्ष ५६ जना सामुदायीक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पचास प्रतिशत पालिकाबाट रु.९८०००।-तथा ९८ जना दलितलाई पचास प्रतिशत पालिकाले व्यहोर्ने गरी जम्मा रु.१६६२५०।- आर्थिक सहुलियत उपलब्ध गराएको छ। पालिकाले आन्तरीक श्रोतलाई मध्यनजर गरी यस्ता खर्चहरुलाई नियन्त्रण गर्दै जानु पर्दछ।

२६ **आयोगको परामर्शः**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ। उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ। आयोगको परामर्श बेगर यस पालिकाले आफ्नै छुट्टै कानून स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ जारी गरी सोही ऐनको दफा ४(५) मा तोकिएको शैक्षिक योग्यता र दफा ६ बमोजिम पालिकामा कार्यरत अधिकृत छैठौँ विनोद नेपाललाई अधिकृत सातौँमा स्तर वृद्धि गर्ने निर्णय ९ औँ गाउँसभाबाट पारित गरी अधिकृत सातौँको तलवभत्ता भुक्तानी गरेको छ। कर्मचारीको स्तरवृद्धि गरी उक्त कमर्चारीलाई स्तर वृद्धि पश्चात आ.व.२०८०/८१ सम्म रु.१६८९८।३८ थप रकम भुक्तानी भएको छ। आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,८९८ |

२७ **करार कल्याण कोषः**

पालिकाले कर्मचारी कल्याण कोष कट्टीको लागि कार्यविधि तयार गरी सोही कार्यविधि अनुसार पालिकामा कार्यरत स्थानीय तह अन्तर्गतका सम्पूर्ण कर्मचारीहरु तलबबाट ५ प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम पालिकाबाट थप गरी कल्याण कोष जम्मा गरेको देखिन्छ। पालिकाले यस वर्ष करार सेवामा कार्यरत ३८ जना कर्मचारीलाई स्थायी कर्मचारी सरह तलबमा ५ प्रतिशत कट्टी गरी

सोही बराबरको रकम थप गरी सञ्चय कोष बापत रु.९७६३७४।-भुक्तानी गरेको छ । पालिकाले यस्तो खर्च गर्दा यसले पार्न सक्ने दूरगामी असर बारे विश्लेषण गर्नुपर्ने देखिन्छ ।

२८ **खर्चमा मितव्यिता कायम गर्नुपर्नेः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवस्यक्ता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

**खर्चमा मितव्यिता कायम गर्नुपर्ने** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यक्ता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

**भ्रमण खर्च** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू१२२८०००।÷खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

**इन्धन खर्च**- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.१६०००००।-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन** :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.१५०४०००।-खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ .

**मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.२२६९०००।-तथा अन्य कार्यालय खर्च शिर्षकमा रु.२९००००।-गरी जम्मा रु.२५५९०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

**सवारी मर्मत र अन्य मूर्मत खर्च** - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु.११८१०००।-समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको

ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

२९ **परामर्श सेवाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य गराउन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ।पालिकाले यो वर्ष देहाय बमोजिमको वृत चित्र निर्माण, डिजिटल प्रोफाइल निर्माण लगायतका कार्य विभिन्न परामर्शदाताबाट गराई रू. ८९६५१९।-भुक्तानी गरेको छ। पालिकाले यस्तो अध्ययन गराउदा कार्यालयमा उपलब्ध जनशक्तिबाट गराउनेतर्फ प्रयत्न गरेको देखिएन। पालिकाले विभिन्न तीन परामर्शदाताबाट प्रस्ताव माग गरी सो मध्ये न्यूनतम लागतको प्रस्ताव स्वीकृत गरी विनियोजित बजेटकै हाराहारीमा रकम खर्च गरेकोले पालिकालाई अतिरिक्त व्ययभार परेको छ । अतः पालिकाले यस प्रकारको कार्य गराउँदा सम्भव भए सम्म कार्यालयकै जनशक्तिको अधिकतम प्रयोग गर्नेतर्फ ध्यान पुर्याउनु पर्दछ।

| गो भौ नं र मिति | विवरण | आपूर्तक | रकम |
|---|---|---|---|
| ४७४।२०८१।३।४ | भूमि वर्गिकरण तथा परामर्श सेवा | मर्दी इन्जिनियिरङ्ग कन्सल्टेन्सी | ४९७२०० |
| ४।२०८०।११।१० | सिलुवा स्वास्थ्य चौकिका लागि | जे एन एस इन्जिनियरिङ्ग | ३९९३१९ |
| | | **जम्मा** | **८९६५१९** |

३० **खरिद कारवाही अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

३१ **तलवी प्रतिवेदनः**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई ४० कर्मचारीको रु. २६६३९३५२ ।-तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३२ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३३ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 1 वटा

रहेको र यो वर्ष 9 विवाद दर्ता भएकोमा फर्स्यौट भई बाँकी नरहेको । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गर्दै न्याय सम्पादनलाई अझै प्रभावकारि बनाउनु पर्दछ ।

### ३४ कानून र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, २ वटा नियमावली, २५ कार्यविधि १ निर्देशिका १ मापदण्ड गरि ३९ वटा कानुन निर्माण गरि राजपत्रमा प्रकाशन गरेको अभिलेखबाट देखिएता पनि कुल १० वटा कानुनहरु कार्यान्वियन भएको पाईएन । तसर्थ सम्पुर्ण कानुनहरु पुर्णरुपमा कार्यान्वयन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

### ३५ चौमासिक खर्चः

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल पूँजिगत खर्चको तुलनामा प्रथम चौमासिकमा ५.८५ प्रतिशत र दोस्रो चौमासिकमा ३१ प्रतिशत, तेस्रो चौमासिकमा ६३ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३०.२७ प्रतिशत खर्च गरेको छ । शिर्षकगत चौमासिक खर्च निम्नानुसार रहेको छ।

| क्र.स | बजेट | कुलखर्च | चौमासिकखर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रोचौमासिक | तेश्रो चौमासिक | आषाढ महिनाको खर्च |
| १ | पूँजिगत खर्चतर्फ | १०८७८२८७३ | ६३६४३१२ | ३३७२४२४९ | ६८६९४३१२ | ३२९३६८७६ |
| २ | प्रतिशत | ८०.५२ | ५.८५ | ३१ | ६३ | ३०.२७ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेस्रो चौमासिकमा ६३ प्रतिशत तथा आषाढ महिनामा ३०.२७ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले चौमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

### ३६ बेरुजु लगतः

पालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

- म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,
- ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,
- म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

### ३७ वन पैदावार आय असूल नभएकोः

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता

समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

३८.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत, सामुदायिक वन वृक्षारोपण तथा फलफुल रोपण, पर्यटकीय स्थल प्रवर्द्दन, खानेपानी पाईपलाईन व्यवस्थापन, मोटरबाटो कुलो निर्माण योजना लगायतका कार्यक्रम सञ्चालनको लागि रु.६९,८३,०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ७५ जनालाई बढीमा १०० दिन र कम्तिमा ७६ दिन गरी औषतमा ९९ दिनको श्रमिक ज्यालामा रु.४९,९३,३००।-र प्रशासनिकमा रु.१९,७३,४८८।-गरी जम्मा रु.६९,६६,७८८।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

३८.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

३८.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

३८.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | वडा | आयोजनाको नाम | संख्या | कार्यदिन | जम्मा दिन | ज्याला दर | ज्यालाभुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | १ | अलिचौर खानेपानी पाईपलाईन व्यवस्थापन योजना | ६ | १०० | ५९९ | ६६८ | ४००१३२ |
| २ | | सिलुवा पदमार्ग निर्माण योजना | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ३ | | रोमन्दी सडक नाली व्यवस्थापन | १ | ७६ | ७६ | ६६८ | ५०७६८ |
| ४ | २ | खान्तुखोला लाबे बर्मु साकिने मो.वा. नाली मर्मत | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ५ | | घडेरी थुम्का फलफुल रोपण फिल्ड तयारी | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ६ | ३ | उदवुद्ध मा.वि. जाने पदमार्ग मर्मत सम्भार | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| ७ | | अर्खलडाडा कोरोङ्गा लाम्दीखोला पदमार्ग मर्मत सम्भार | ५ | १०० | ५०० | ६६८ | ३३४००० |
| ८ | | खाक्सि गाउँ जाने पदमार्ग मर्मत सम्भार | ३ | १०० | ३०० | ६६८ | २००४०० |
| ९ | ४ | देवीनगर मो.वा.नाली व्यवस्थापन योजना | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| १० | | बोलीपोखरा पदमार्ग मर्मत सम्भार तथा ढुङ्गा सोलिङ | ५ | १०० | ५०० | ६६८ | ३३४००० |
| ११ | ५ | वीरकोट मन्दिर जाने पदमार्ग मर्मत सम्भार योजना | ५ | १०० | ५०० | ६६८ | ३३४००० |
| १२ | | स्याफत पदमार्ग तथा मोबा नाली मर्मत सम्भार योजना | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| १३ | | वीरकोट डाडाँथोक पदमार्ग मर्मत सम्भार योजना | ३ | १०० | ३०० | ६६८ | २००४०० |
| १४ | **६** | झेमराङ्ग चेवोङ पदमार्ग तथा नाली मर्मत सम्भार | ५ | १०० | ५०० | ६६८ | ३३४००० |
| १५ | | जनप्रिय मावि जाने पदमार्ग मर्मत सम्भार | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| **जम्मा** | | | | | **७४७५** | **६६८** | **४९९३३००** |

३८.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका पन्ध्र वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

३९ **वीमा नगरि निर्माण कार्य :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले धाक्रेबास दारसिङ्ग भञ्जयाङ सडक निर्माणका लागि रु.९९९९८१५।–(VAT/PS) को लागत अनुमान तयार गरि मिति २०८०।८।७ मा ठेक्का आह्वान गरेको पाइयो । सुचना बमोजिम ५ वटा बोलपत्र परेकोमा सबै भन्दा कम कबोल गर्ने Lion construction को इजाजत पत्र नविकरण नभएको भनि दोस्रो कम कबोल गर्ने गह्रौकालि कन्सट्रक्सनसँग २०८०।२।१५ मा सम्पन्न गर्ने गरि रु.७०२८८१७।- (VAT/PSसमेत) मा सम्झौता भएको देखिन्छ । प्रथम तथा अन्तिम विल बापत गो.भौ. ३६।२०८१।३।२४ बाट रु.६७०३३९८।– भुक्तानी भएको देखिन्छ । लागत अनुमानमा PS Item मा बिमा तथा Lab Test समेत राखेकोमा अन्तिम प्राबिधिक मुल्याङ्कनमा बिमा तथा Lab Test समाबेश गरेको पाईएन। पालिकाले वीमा नै नगराइ निर्माण कार्य गराएकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ त्रुटी सच्याउने अवधि

सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४० **हेभी इक्विपमेण्टको प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित केहि सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| उपभोक्ता समिति | प्रयोग उपकरण | निर्माण व्यावसायि | सम्झौता रकम रु. | बिल रकम रु | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|---|
| सालबास टोक्से मोटर बाटो निर्माण | डोजर | अमृत कन्सट्रक्सन | १०४५८१५ | ९८९८८० | १०३६३०५ |
| दशै मोटरबाटो सरसफाई योजना | डोजर | मनकामना ब्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्स | ७३१८९९ | ६६९०३३ | ७२१७७८ |
| बासुघा मनोहरि सानोगल्धा मो.बा | डोजर | सुविधा कन्सट्रक्सन प्रा.ली | ५२२९६७ | ४९९५९९ | ५२८०९९ |
| मैदान सठिकोल मो.बा. निर्माण | डोजर | तिरुपाती मल्टिपरपश प्रा.ली | ८३७६१५ | ७६९००१ | ८३८१५८ |
| चालु सडक मर्मत योजना ३ नं. वडा | डोजर | पूर्वखोला कन्सट्रक्सन कम्पनि | ६३३९०५ | ५९४५९९ | ६४०४७६ |
| चालु सडक मर्मत संभार | डोजर | दिसुवा ब्रदर्श कन्सट्रक्सन प्रा.ली | ५२५९२७ | ४८४७७० | ५१५१५६ |
| तल्लो लाकुरी मोटरबाटो स्तरोन्नती योजना | डोजर | अमृत कन्सट्रक्सन | ५२२५३१ | ४८१३८० | ५२७८७० |

४१ **आय ठेक्काः**

४१.१ लुम्बिनी प्रदेशको सरकारको आर्थकि ऐन, २०८० को दफा ८ मा प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क सम्बन्धी व्यवस्था गरेको र सो दफा अनुसार अनुसुची-६ मा व्यवस्था भए अनुसारको दरमा संकलन गर्नु पर्ने व्यवस्था गरेको छ । सो ऐनको अनुसुची -६ मा पहाडी क्षेत्रको लागी ढुंगा गिट्टि बालुवा संकलन गर्न प्रति घन फिट रु.६।-तोकिएको छ । ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएको छ ।

पालिकाले यस वर्ष निम्नानुसार २ घाटको लागि IEE ले गरेको सिफारिस अनुसार कुल रकम रु.७३५११५२।–को लागत अनुमान तयार गरि २०८०।६।९ मा सिलबन्दी दरभाउपत्रको सुचना प्रकाशन गरेको पाईयो । सुचना बमोजिम रेचे खोला घाटको लागि मात्र ३ वटा दरभाउपत्र परेकोमा प्रविशु हेभी इक्युपमेन्ट कअन्सट्रक्सन र गण्डकी भ्याली कन्सट्रक्सनको इजाजत पत्र नविकरण नभएको भनि पुनः दोस्रो पटक २०८०।७।२४ मा सूचना निकालेको पाइयो । दोस्रो पटकको सूचना बमोजिम रेचे खोला घाटमा कुनै पनि दरभाउपत्र नपरि सिमलफेद देखि चिर्के ढुङ्गा घाटको लागि एकमात्र फर्म पूर्वखोला निर्माण सेवाको सिलबन्दि दरभाउपत्र परेकोमा सोहि फर्मसँग २०८०।८।२७ मा रु.६४५०७१।८०(VATसमेत) मा सम्झौता भएको पाईयो ।

| सि.न. | घाट | सिफारिस परिमाण | सिफारिस रकम रु. |
|---|---|---|---|
| १ | रेचे खोला घाट | ७७८.७२ | १६४३०९ |
| २ | सिमलफेद देखि चिर्के ढुङ्गा घाट | २६९५.२ | ५७०८४३ |

४१.२ मूल्य अभिवृद्धि कर ऐन २०५२ को १५(३) मा नेपाल सरकार, प्रदेश साकार, स्थानीय तह वा नेपालस्थित अन्तर्राष्ट्रिय सङ्ग, संस्था वा नियोग वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्नेछ । पालिकाले रेचे घाट र अन्य IEE नभएका घाटहरुबाट समेत गरि वडा मार्फत ढुङ्गा गिटि बालुवा मार्फत कुल रु ६६४१८९।-राजश्व संकलन गरेको देखिन्छ । यसरि पालिकाले ढुङ्गा गिट्टि बालुवा बाट कुल रु.१३०९२६०।-(VATसमेत) राजश्व संकलन गरेकोमा सोको ४० प्रतिशत हुन आउने रु.४५४०२०।-प्रदेश संचित कोषमा दाखिला गरेको भएता पनि VAT बापतको रकम रु.१५०६२२।- संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा रु.७४२१२।-मात्र दाखिला गरेकोले बाँकि रु.७६४१०।-संघीय संचितकोषमा दाखिला गर्नु पर्ने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,४१० |

४१.३ सो सम्बन्धमा देखिएका व्यहोरा हरु निम्नानुसार छन

• कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्यी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

• नदिजन्य पदार्थ उत्खन्नका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन ।

• दैनिक खरिद विक्री तथा उतख्नन अभिलेख समेत राखेको पाईएन ।

• पालिकाबाट प्रमाणित नगदी रसिद ठेली प्रयोग गर्न ठेकेदारलाई दिईएकोमा सोको अभिलेख नराखेको ।

• रसिदको प्रयोग तथा ठेली मौजदात तथा सोबाट के कति विक्री गरी राजश्व उठेको सम्बन्धमा विवरण पेश नगरेकोले यथार्थमा उत्खन्न तथा विक्री भएको परिमाण सम्बन्धमा विश्वस्त हुन सकिएन।

• कतिपय रसिदहरु केरिएको तथा च्यातिएको पाईयो ।

• चेक्लिस्ट तयार गरि सो बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्नेमा अनुगमन समेत गरेको पाईएन ।

तसर्थ पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ ।

४२ **म्याद ननाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सिलुवा स्वास्थ्य चौकि निर्माण कार्यक्रमको लागि मोहन एण्ड ब्यासीगाउँ रलिङ्ग प्रफुल जे.भि लाई रु. २५९५०००।-पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फर्स्यौट गर्नुपर्दछ ।

४३ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.९७०१४८२७।-खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:-

(क) एम.आइ.एस प्रणालिमा प्रतिवेदनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब

मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

(ख) पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

(ग) भत्ता वितरणको अनुगमनः सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३० र ४५ बमोजिम फ्रिज तथा फिर्ता नहुने भनी तोकेको बजेट उपशिर्षक बाहेकको बाँकी बजेट निकासा रकम फिर्ता गर्नु पर्ने व्यवस्था रहेको ।

घ) यस कार्यालयको सामाजिक सुरक्षा तथा संरक्षण तर्फको प्रथम र द्धितिय त्रैमासिक सामाजिक सुरक्षा भत्ता बितरण पश्चात बचत हुन गएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोषमा फिर्ता भएको देखिएता पनि तेस्रो र चौथो किस्ताको सामाजिक सुरक्षा भत्ता बितरण भई बाँकी रहेको बास्तबिक रकम कार्यालयको बिवरणमा एकिन हुन सकेन । आगामी दिनमा कार्यालयले हिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण पश्चात आगामी त्रैमासिकको लागि रकम निकाशा माग गर्दा अघिल्लो त्रैमासिकमा बचत हुन गएको वास्तविक रकम को.ले.नि.का. एकलखाता कोषमा फिर्ता गरेर मात्र निकाशा माग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

ङ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएका व्यक्तिलाई एउटै वडामा सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनुपर्दछ ।जेष्ठ नागरिक भत्ता फरक फरक खाता नं. मा जम्मा भएता पनि नागरिकता दोहोरिएको पाइएकोले यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ । दोहोरो नागरिकता भएका व्यक्तिहरुको केहि उदाहरणहरु :

| वडा नं. | व्यक्तिको नाम | परिचयपत्र नं. | नागरिकता नं. |
|---|---|---|---|
| १ | धन कुमारी सारु घर्ती<br>लक्ष्मी देवी हिस्की<br>हरिमाया सुनारी<br>हरिसरा वयम्वु | २०३५०५०९००६२४<br>२००९०३११००८९३<br>२०४०१२१३०००८५<br>२०१११००३०३८२३ | ३९३०६१।३२०<br>३९३०६१।३२०<br>३९३०६१८<br>३९३०६१८ |
| ३ | डोलराज पंगेनी<br>शान्तिदेवी न्यौपाने<br>प्रेम बहादुर सुनारी<br>तुलसी पौडेल | २००१०४१४००६३७<br>२०१८११०८००४०६<br>१९९७०५१५०११३४<br>२००४०११४००३७१ | ११८<br>११८<br>१२३५<br>१२३५ |

४४ **करार कर्मचारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ५७ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१७३७४०००।-खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक कम्प्यूटर अपरेटर-१, अमिन-१, कृषि तथा पशु प्राविधिक-३, सामाजिक परिचालक-१, ल्याब असिष्टेण्ट-६,अ.न.मी-९ रअ.हे.व-६ गरी दरबन्दिभित्र नपरेका तथा स्रोतको सुनिश्चितता नभएको विभिन्न २७ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.९१०५६२२।-भुक्तानी गरेको छ। त्यस्तै पालिकाले त्यसका अतिरिक्त कार्यालय तथा विभिन्न वडामा गरी ३७ जना कार्यालय सहयोगी समेत राखी थप खर्च गरेको पाइयो । यसरी वर्षभरी दरबन्दी भन्दा बढी तथा अनावश्यक कर्मचारी नियुक्त गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९१,०५,६२२ |

४५ **क्याम्पसलाई अनुदान :**

स्थानियसरकार संचालन ऐन, २०७४ को दफा ११(ज)मा स्थानिय तहले आधारभूत र माध्यमिक विद्यालयको शिक्षा क्षेत्रमा मात्र कार्यगर्न सक्ने उल्लेख छ । बुद्धउद्ध क्याम्पसको २०८० श्रावण देखि आषाढसम्मको लागि तलव भत्ता भुक्तानीको प्रयोजन जनाई गो.भौ.३३५।२०८०।१२।२७ बाट रु.८०००००।-भुक्तानी दिएको पाईयो । यसरी पालिकाको कार्यक्षेत्र भन्दा बाहिर गरेको खर्च रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

४६ **विद्यालय समायोजन कार्यक्रम :**

४६.१ पूर्वखोला गाउँपालिकाको संस्थागत विद्यालय समायोजन सम्बन्धी कार्यविधि, २०७९ को दफा ७ मा विद्यालय समायोजन पश्चात संस्थागत विद्यालय/सञ्चालकहरुको स्वामित्वमा रहेको सम्पति दफा ८ वमोजिम गठित मूल्याङकन समितिले गरेको मूल्याङकन अनुसार भूक्तानी गरि प्राप्त गरिने भन्ने व्यवस्था छ। पालिकाले २०७५।१०।२१ को निर्णय अनुसार सरस्वति ईङ्गलिस स्कुलको नामको जग्गाको २०७८।१।२२ मा कित्ता नं.१४३५ र १४३७ को हुने १४.८७ आनाको मूल्याङ्कन तत्कालिन अवस्थाको मालपोतको न्युनतम दररेट प्रति आना रु.२००००।–का दरले हुने रु.२९७४००।–तथा पालिकाको २०८०।३।१८ को निर्णयबाट कित्ता नं.१४९८ र १४९९ को हुने क्षेत्रफल ५.१२ आनाको मूल्याङ्कन तत्कालिन अवस्थाको मालपोतको न्युनतम दररेट प्रति आना रु.२२०००।–का दरले हुने रु.११२६४०।–गरी जम्मा रु.४१००४०।–मूल्याङ्कन गरी भुक्तानी हुनुपर्नेमा पालिकाले रु.२७९५२१२।९९ मूल्याङ्कन गरेको छ । यसरी पालिकाले रु.२३८५१७२।९९ को बढी मूल्याङ्कन गरी गो.भौ.२३२।०८०।१०।७ बाट उक्त जग्गाको हुने रु.२७९५२१२।९९ तथा घरको हुने रु.९०२०००।– गरी रु.३६९७२१२।९५ भुक्तानी गरेको छ । सो सम्वन्धमा पालिका र निजि विद्यालय विच २०७४ मा भएको सम्झौता अनुसार दिएको भनि पालिकाले जवाफ दिएतापनि न्युनतम दररेट भन्दा बढी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २३,८५,१७२.९९ |

४६.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९०२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७ **दरभाउपत्रबाट खरीदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ ।भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले देहायका कार्यहरू गर्दा लागत अनुमान तयार गरी निर्धारीत कानून अनुसार प्याकेज बनाई खरीद गर्नुपर्नेमा सोझै खरीद गरेको पाईएकोले नियमानुसार खरीद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| **क्र.स.** | **गो.भौ.नं.** | **भुक्तानीपाउनेको नाम** | **विवरण** | **बजेट खर्च** |
|---|---|---|---|---|
| १ | गा.पा.-चालु-६०२ | सम्बन्धितसंस्था/व्यक्ति | विविध कार्यालय मसलन्द | २९९०७५ |
| २ | गा.पा.-पुँजी-२९० | क्विकमल्टी सर्भिस नेपाल | मेसिनरी सामाग्री | ९९६४३२ |
| | | | **जम्मा** | **१२९५५०७** |

४८ **सौर्य बत्ती जडान :**

४८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायबाट गरीने खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकालाई संघ सशर्त कार्यक्रम अन्तर्गत नविकरणिय उर्जा प्रविधि जडानका लागि रु.८ लाख बजेटको विनियोजन भएको पाईयो । पालिकाले वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य तथा टेक्निकल स्ट्याण्डर्ड र स्पेशिफिकेसनको आधार लिई लागत अनुमान तयार खरीद गर्नुपर्नेमा सो समेत तयार नगरी दरभाउपत्रको माध्यमबाट कम कवोल फर्म अल्फाबिटा ईन्जिनियरीङ्ग प्रा.ली.बाट ७ सेट सोलार खरीद गरी गो.भौ.३२।०८१।३।२१ बाट रु.७९६९०५।-भुक्तानी गरेको छ । पालिकाले खरीद गरेको सो फर्मको वैकल्पिक उर्जा तथा सोलार सम्वन्धि कारोवारको ईजाजत रहेको देखिएन । यसरी लागत अनुमान तयार नगरी खरीद गर्दा खरीदमा प्रतिश्पर्धा नभई मितव्ययी नहुने तथा फर्मको कारोवारको ईजाजत नै नभएको फर्मबाट कारोबार गर्दा सौर्य बत्ती तथा पार्टसको वारेन्टी समेत नहुने देखिएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९६,९०५ |

४८.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६७,५५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **पाईप खरिद र वितरण :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यकता पहिचान गरेर सोही आधारमा जिन्सी सामान खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले आवश्यकताको अनुमान गरी पाईप खरिदमा गर्नुपर्ने तथा आयोजना अनुसार जनसहभागिता समेत देखाउनुपर्नेमा पालिकाबाट खरिद गर्ने र मागको आधारमा वितरण गर्ने गरेको पाईयो । पालिकाले यस्तो कार्यहरू गर्दा जनसहभागिताको अंश समेत छुट्याउने गरि आयोजना अनुसारको लागत अनुमान बनाई कार्य गर्ने र वितरणमुखी कार्यक्रममा नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनु

पर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा देहायअनुसारको पाईप पालिकाबाट वितरण हुन जिन्सीमा मौज्दात बाँकी देखिन्छ । आवश्यकताका आधारमा वितरण गरी सो को भरपाई पेश गर्नु पर्ने रु.

| **पाईपको प्रकार** | **खरिद मिटर** | **बाँकी मिटर** | **दर** | **रकम** |
|---|---|---|---|---|
| ह्युम पाईप450 mm | ४५ | १८ | १०००० | २०३४०० |
| ह्युम पाईप600 mm | १५ | ६ | १२५०० | ८४७५० |
| HDPE 20 mm pn 16 | १५०० | ७७० | ४० | ३४८०४ |
| HDPE 25 mm pn 16 | २७०० | २३५० | ५० | १३२७७५ |
| HDPE 32 mm pn 10 | १८०० | १७७० | ७५।३२ | १५०६४८ |
| HDPE 40 mm pn 10 | ९०० | ५०० | १०० | ५६५०० |
| HDPE 50 mm pn 10 | ५०० | ४९० | १५० | ८३०५५ |
| HDPE 63 mm pn 10 | ४०० | ३९० | २२० | ९६९५४ |
| | | | **जम्मा** | **८४२८८६** |

| प्रमाण पेश नगरेको | ८,४२,८८६ |
|---|---|

५० **परामर्शदातालाई भुक्तानी :**

५०.१

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७५,७९६.७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५०.२ पालिकाबाट कलौलीखोला झोलुङ्गे पुलको प्रत्यक्ष लागतको ३ प्रतिशत प्राविधिक शुल्क तथा ३ प्रतिशत सामाजिक परिचालन र व्यवस्थापकीय कार्य गरे वापत कुल ६ प्रतिशत भुक्तानी दिने प्रावधान राखेको पाइयो । सो कार्यको प्राविधिक सेवाका लागि ईन्द्रेणी समाज नेपाललाई शुल्क रु.२१६५६२।- भुक्तानी गरेको छ । कार्यालयमा रहेका जनशक्ति आफैले गर्न सक्ने कार्यमा बाह्य पक्षबाट कार्य गराउने परिपाटी बन्द गर्नुका साथै खरिद नियमावलीको ९७(८) को सीमा तीन प्रतिशतभन्दा बढी हुने गरी शुल्क तोक्नेलाई जिम्मेवार बनाउनुपर्दछ । सम्झौताको दफा २.२ बमोजिम सामाजिक कार्य अन्तर्गत गाउँपालिकामा मासिक प्रगति प्रतिवेदन उपलब्ध गराउने, पुल संरक्षकलाई नियमित मर्मत सम्बन्धी तालिम दिने साथै व्यवस्थापकीय कार्य अन्तर्गत एक प्राविधिक र एक सामाजिक परिचालक नियुक्त गरी ती कर्मचारीसँग सम्झौता गरेको र पारिश्रमिक उपलब्ध गराएको तथा ती कर्मचारीहरूबाट भएका कार्यको विवरण पेश गर्नुपर्ने लगायतका कार्यको पुष्टयाई बेगर नै सामाजिक परिचालन र व्यवस्थापकीय कार्यका लागि भुक्तानी गर्न मिल्दैन । कार्यालयका प्राविधिकबाट ब्रिज निर्माणका प्राविधिक कार्य गर्न सक्नेमा सो कार्य गैरसरकारी संस्थाबाट गराउने कार्य बन्द गर्नुपर्दछ ।

५१ **कलौलीघाट झोलुङ्गे पुल :**

सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । कार्यालयले कलौलीखोला झोलुङ्गे पुल उपभोक्ता समितिसँग रु.३८५६७६४।४७ को लागत अनुमान मध्ये १३% पालिका योगदान, २% उपभोक्ता समितिको योगदान र बाँकि ८५% झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतको रकमबाट

पालिकाले भुक्तानी दिनेगरी २०८०।१०।७ मा सम्झौता गरेको देखियो । पालिकाले झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतको सो रकम खर्च गर्दा सम्झौता अनुसारको हुने रकम आनुपातिक रूपमा खर्च गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष सो पुलको लागि गो.भौ.९।०८०।११।१७ बाट रु.१७९६३।-,गो.भौ.१२।०८१।१।११ बाट रु.१४१७२५८।- रु.२१३९०१५।६९, गो.भौ.१९।०८०।२।२४ बाट रु.१४९०९७१।-तथा गो.भौ.२०।०८१।२।२९ बाट रु.२१६५६२।–गरी जम्मा रु.३१४२७५४।–खर्च गरेको छ । सो खर्चको आनुपातिक हुने रकम रु.४०८५५८।–पालिकाको योगदान हुनुपर्नेमा सो रकमसमेत संघिय वजेटबाट खर्च लेखेको पाईएकोले संघिय अनुदान बढेको पाईयो । अतः सो रकम संघित संचित कोष खातामा फिर्ता पठाउनुपर्दछ, रु.४०८५५८।-पालिकाको स्रोतबाट खर्च लेख्नुपर्नेमा शतप्रतिशत नै कार्यक्रमबाट भुक्तानी दिएकोले दोस्रो विलबाट सो रकम मिलान गरेको प्रमाण पेश हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०८,५५८ |

५२ **प्रशासनिक भवन**

५२.१ गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागी श्री बिकोई दावा जे.भी. सँग मिति २०७८/०३/२३ मा मूल्य अभिवृद्धि कर समेत रु.६६०८३१८९।६८ मा सम्झौता गरेको छ । सो ठेक्कामा मुल्य समायोजन रकम र सातौं रनिङ्ग बिल गो.भौ.३।०८१।३।२४ बाट रु.२५२२५२१।–समेत हालसम्म रु.७४२६९६३४।६० खर्च लेखेको छ । सो निर्माण कार्यको सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्

५२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार भेरिएसन आदेश जारी गरे पछि भेरिएसनको काम गराउनु पर्नेमा प्रशासनिक भवनको काम गराई सकेपछि भेरिएसन आदेस जारी गरी विभिन्न १४ आइटमहरूको कामको रु.३७९६९३३।९४ को भेरिएसन स्वीकृत गरेको छ । बिशेष परीस्थितिको कारण देखाई भेरिएसन स्वीकृत गरेकोमा भेरिएसन गर्नुपर्ने प्राविधिक पुष्ट्याई वेगरको काम ठेक्काको कार्यक्षेत्र बाहिर गई गराएको छ । ठेक्का सम्झौता अनुसार ठेक्काको साविकको काम Providing, making and fixing 75 mm x 100 mm sized, seasoned hard sal wood door and window frames including necessary M.S. holdfast, finishing of surface, groving of edges all complete as per drawing, specification and approval of engineer. मा २.३९ घ.मी. बाट २.९९ घ.मी. बृद्धि गरी भेरिएसन गर्दा साविककै दर रु.६००००।-मा सम्झौता गर्नु पर्नेमा नयाँ दर रु.१८००००।-मा सम्झौता गर्दा रु.१४६००९।-वढि भुक्तानी हुन गएको छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

५२.३

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३५७,५३६.५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५२.४ भवन निर्माणको लागी श्री बिकोई दावा जे.भी.सँग २०८०।३।२३ सम्ममा कार्यसम्पन्न गर्नेगरी २०७८/०३/२३ मा मूल्य अभिवृद्धि कर समेत रु.६६०८३१८९।६८ मा सम्झौता गरेकोमा समयमा कार्यसम्पन्न हुन नसकि २०८०।३।२० को कार्यपालिकाको निर्णयबाट २०८१।९।२२ सम्मको म्याद थप भएको पाईयो । लेखापरीक्षणको सिलसिलामा (२०८१।८।१३ मा) निरीक्षण गर्दा करीव ९०% कार्य गरेको देखिएकोमा थपिएको समयसम्ममा कार्यसम्पन्न गर्न कठिन देखिन्छ । समयमा कार्यसम्पन्न गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५२.५

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२०१,३६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५३ **सिलुवा स्वास्थ्य चौकि भवन निर्माण**

५३.१ पालिकाले सिलुवा स्वास्थ्य चौकि भवन निर्माणको लागि DPR तयार नगरी भवन निर्माणको लागि रु.२१२६६९५७।७५ को लागत अनुमान तयार गरी स्विकृत गरेको छ । सो कार्यको लागि २०८०।१०।१९ मा वोलपत्रको सूचना आव्हान गरेकोमा प्राप्त १० वोलपत्र मध्ये चार फर्म मात्र मूल्याङ्कनमा योग्य देखिएको पाईयो । सो फर्महरू मध्ये कम कवोल रु.१६५५३६०९।७७ गर्ने फर्म मोहन एण्ड वेशिगाउँ-रलिङ्ग-प्रफुल जे.भी.को वोलपत्र स्विकृत भएको पाईयो । पालिकाले सो जे.भी.सँग रु.१६५५३६०९।७७-(मू.अ.कर सहित) मा २०८२।२।२० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।१।२५ मा सम्झौता गरेको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

५३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । निर्माण व्यवसायीलाई गो.भौ.२३।०८१।२।३२ बाट रु.२८९५०००।– पेश्कि उपलव्ध गराएको प्रथम रनिङ्ग विलबाट रु.३०००००।- पेश्की कट्टा गरी फछर्यौट गरेकोमा आर्थिक बर्षको अन्तिममा रु.२५९५०००।–पेश्की बाँकि देखिन्छ । पालिकाले समयमा तोकिएको कार्य गराई पेश्कि फछर्यौट तथा कार्यसम्पन्न गराउने तर्फ पहल गर्नुपर्दछ ।

५३.३ सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ११३(१) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई ऐनको दफा ५२क. को अधीनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानतको आधारमा पेश्की दिन सकिने व्यवस्था छ । त्यस्तै नियम ५ मा सार्वजनिक निकायले उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी विच २०८१।१।२५ मा भएको सम्झौता अनुसार कार्यको सम्झौता पश्चात जमानतको आधारमा प्रथम १० प्रतिशत तथा वाँकि १० प्रतिशत काम प्रारम्भ गरेपश्चात सम्वन्धित साईड ईन्जिनियरको सिफारीसमा भुकतानी दिने उल्लेख छ । तर पालिकाले सम्झौता पश्चात नै गो.भौ.२३।०८१।२।३२ बाट रु.२८९५०००।-(२०%) रकम पेश्कि दिएको पाईयो । पालिकाले कानूनको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५४ **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम :**

५४.१ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमः पूर्वखोलाको वडा नं. ५ स्थित विरकोटमा १५ शैयाको अस्पताल निर्माणका लागि निर्माण व्यवसायी BKOI-DAWA JV सँग मिति २०८०/३/२३ भित्र कार्य सम्पन्न गर्ने गरी प्रोभिजनल समसहित ठेक रकम रु. १२,५१,७४,१८९।६४ मा गाउँपालिकाको कार्यालयले मिति २०७८/३/२३ मा सम्झौता गरी कार्य भईरहेको छ । यो वर्ष निर्माण कार्यको भुक्तानी छैठौं रनिङ्ग बिलसम्म बजेट खर्च रु.११३५९२५४४।१४ भएको छ । निर्माण कार्य र ठेक्का कागजातमा लेखापरीक्षणबाट देखिएका बेहोरा निम्न छन्:

५४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (७क) बमोजिम निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ । संयुक्त उपक्रमले कसैलाई कार्यको अख्तियारी दिएको देखाई कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी रहने गरेको स्थिति छ । कार्यालयबाट निर्माणाधीन रहेका निर्माण कार्यको ठेक्का संयुक्त उपक्रमका सबै सहभागी पक्षहरू निर्माण कार्यमा संलग्न नहुने, निर्माण स्थलमा उपस्थित नहुने, निर्माण कार्यको नापी किताबमा हस्ताक्षर नगर्ने अवस्था रहेको छ । १५ सैया अस्पताल भवन निर्माणका लागि निर्माण व्यवसायी विकोई दावा जे. भी.ले निर्माण कार्यको जिम्मेवारीको हकमा नियमावलीको नियम २८(७क) बमोजिम हस्तान्तरण गर्न मिल्दैन । तर सो जे.भी.ले अख्तियारी दिएबमोजिम एक निर्माण व्यवसायी मात्र निर्माण कार्यमा संलग्ने रहेको छ । कार्यालयले ठेक्कामा प्रतिष्पर्धी हुन तोकेको कार्य अनुभव, वित्तीय कारोबार, ठेक क्षमतामा योग्य ठहरिएका

संयुक्त उपक्रमको वित्तीय प्रस्तावको मूल्यांकन गरिने हुँदा ठेक्का सम्झौता पश्चात संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा संचालन र सम्पन्न नहुने अवस्था छ । संयुक्त उपक्रमका निर्माण कार्यको जिम्मेवारी हस्तान्तरण गर्न नमिल्ने हुँदा संयुक्त उपक्रमका सबै पक्षको निर्माण कार्यमा अनिवार्य सहभागिता र निर्माण कार्यको नापी परिमाणमा सबै पक्षको हस्ताक्षर बेगर ठेक्का रकम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ ।

५४.३ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । पालिकाले १५ शैया अस्पताल भवन निर्माणको लागि सम्झौता अनुसारको कार्य सम्पन्न गर्न नसकेको जनाई निर्माण व्यवसायीले २०८०।२।३२ मा पेश गरेको निवेदनको आधारमा २०८०।३।२० को कार्यपालिकाको निर्णयबाट २०८१।३।२३ सम्मको म्याद थप गरेकोमा सो अवधीमा समेत कार्यसम्पन्न हुन नसकेकोमा २०८१।३।८ को कार्यपालिकाको निर्णयबाट २०८१।९।२३ सम्मको म्याद थप गरेको छ । सो अवधी भित्र निर्माण व्यवसायीले पेश गरेको विलको आधारमा मूल्याङ्कन गरी पाँचौ रनिङ्ग विल गो.भौ.२।०८०।१२।१० बाट रु.३५०५६८८४।–र छैठौ रनिङ्ग विल गो.भौ.।०८०।३।२१ तथा ८।०८१।३।२४ बाट गरी रु.१३७१९२९६।–भुक्तानी भएको छ । दोस्रो पटकमा थपिएको अवधी समेत लेखापरीक्षण अवधी (२०८१।८।१३ मा) सम्म समाप्त हुने स्थिति देखिन्छ भने कार्य प्रगती ८६.८५% मात्रै भएको देखिन्छ । यसरी पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः पटक पटक म्याद थप पनि गर्ने गरेको छ । कार्यतालिका र सम्झौताअनुसार कार्य नगर्ने निर्माण व्यवसायी र जिम्मेबार पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

५४.४ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,३३६,६१२.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५५ **जल्पा स्वास्थ्य चौकी भवन निर्माण ( विशेष अनुदान) :**

५५.१ जल्पा स्वास्थ्य चौकी भवन निर्माण कार्य ठेक्का रकम रु.१,९१,८०,२६३.७० मा मिति २०८१/२/१५ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी डिबी कन्स्ट्रक्शन एण्ड सप्लायर्ससँग २०८०/१/१४ मा सम्झौता गरेको पाइयो । सो निर्माण कार्य, र बजेट खर्चका सम्बन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छः

५५.२ आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले जल्पा स्वास्थ्य चौकी भवनको पाँचौ तथा अन्तिम रनिङ्ग विल गो.भौ.३१३।०८१।३।२४ बाट रु.३३९०००।-भुक्तानी गर्दा सम्वन्धित योजनाको खर्च शिर्षकबाट नगरी प्रशासनिक भवन निर्माण योजना शिर्षकबाट गरेको छ । यसरी तोकिएअनुसार खर्च नगरेको रकम अनियमित देखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ३,३९,००० |

५५.३ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी

दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले मूल्याङ्कन रकम रु.१८६२१९६५।२६ को विल पेश गरेको आधारमा पालिकाले पाँचौ तथा अन्तिम रनिङ्ग विल गो.भौ.३१३।०८१।३।२४ बाट रु.३३९०००।–गरी भुक्तानी गरेकोमा BOQ को Iteam number 3.2 (ईट्टाको गार्हो) मा ईट्टाको गार्होको उचाई २.४ मी. नापी गरेकोमा BOQ को Iteam number ७.१ मा ढोकाको चौकोसको उचाई २.६५ व.मी. नापि गरेको पाईयो । ढोकाको वास्तविक उचाई २.१३ व.मी रहेको र सोको हुने परीमाण ५७.२५sqm को मात्रै नापी गरी भुक्तानी दिनुपर्नेमा ६८.२२ sqm को नापी गरी भुक्तानी गरेकोले १०.९७ sqm को बढी नापी गरी भुक्तानी दिएको पाईयो । यसरी बढी परीमाणको प्रति ईकाई दर रु.७५००।–ले हुने रकम रु.९२९७१।–निर्माण व्यवसायीलाई बढी भुक्तानी भएकोले उक्त रकम सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,९७१ |

५६ **औषधी खरीद :**

५६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष खरीद गर्ने औषधिको लागत अनुमान वनाउँदा गत आर्थिक बर्षको खरीद मूल्यलाई मात्रै आधार बनाई लागत अनुमान वनाएको बताएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निम्नानुसार छनः

५६.२ पालिकाले संघीय ससर्त वजेट अन्तर्गतऔषधि खरिदको लागि छुट्याइएको रु.१२०००००।–र पालिकाबाट बिनियोजित बजेट रु.७५००००।–समेत गरि एकमुष्ट रुपमा औषधि खरिदका लागि रु.१९९४०३४।–को लागत अनुमान तयार गरि २०८०।५।१८ मा बोलपत्रको सुचना प्रकाशन गरेको पाईयो । सुचना बमोजिम ५ वटा फर्मको वोलपत्र परेकोमा सबैभन्दा कम कवोल गर्ने Karnajat Pharmaceuticals सँग २०८०।७।१९ मा रु.६५२३४३।–को सम्झौता भएकोमा गो.भौ. २५६।१०।४ बाट ६५१७४५।–भुक्तानी भएको देखिन्छ ।

पालिकाले वचत रकमको पुनः लागत अनुमान तयार गरी शिलबन्दि दरभाउपत्र मार्फत खरीद गर्नुपर्नेमा ठेक्का प्रक्रिया समाप्त नहुंदै पालिकाबाट औषधि खरिदका लागि बिनियोजित बजेट रु.७५००००।-मध्येबाट कोटेशन मार्फत वेस्ट्रन ड्रग डिस्ट्रिव्युटर्ससँग रु.६५३०००।–को औषधि खरिद गरेको तथा अन्य फर्मबाट समेत दरभाउपत्रबाट सोझै खरिद गरेको छ । पालिकाले नियमानुसार प्रतिश्पर्धा गर्नुपर्ने देखिन्छ ।

५६.३ **अन्य व्यहोरा:-**

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याच र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

• स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५७ **निःशुल्क उपचार सहायताः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ।सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट ३७ जनाको लागि रु.१७४५७२२।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | डायलासिस तथा किड्नी ट्रान्सफर | १४ | ६६२९१९ |
| २ | क्यान्सर | २१ | ९९५३१३ |
| ३ | प्यारालाइसिस | २ | ८७४९० |
| **जम्मा** | | **३७** | **१७४५७२२** |

५८ **कृषी पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्न सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट १९ जनाको लागि रु.७०५४४९।५४ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्रम | अनुदानको किसिम | व्यक्ति संख्या | रकम |
|---|---|---|---|
| १ | अण्डा प्रर्वद्धन कार्यक्रम | २ जना | २००००० |
| २ | एक वडा एक नमूना फर्म प्रोत्साहन कार्यक्रम | २ जना | १५०००० |
| ३ | भकारो सुधार कार्यक्रम | ९ जना | १७९७५० |
| ४ | वीउ बोका वितरण | ६ जना | १७५७०० |
| **जम्मा** | | **१९ जना** | **७०५४५०** |

५९ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा गत वर्ष १२६ थानको रु. ५८३९२।- र यस वर्ष २२५ थान को रु. २०१३६६।-खरिद गरेकोमा गत वर्ष ११७ जना र यस वर्ष ५८ जना र गरी १७५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा १७६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६० **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) गैर सरकारी संस्था मार्फत खरिदः**

६०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।

६०.२ कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र अन्य बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ३ करोड ३३ लाख ३९ हजार २ सय ८६ को लागत साझेदारीमा मिति २०८३।०१।१७ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०।०९।१६ मा सम्झौता भएको छ।कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु. २३३३७५०० पालिकाले र बाँकी हुने रकम रु.१०००१७८६।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. ३७०७८३३।७७ भुक्तानी भएको छ।हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

६०.३ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०८०।०९।१६ मा तीन वर्षको लागि सम्झौता गरेकोमा पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु. १८८५० हेफरलाई तेश्रो किस्तामा उपलब्ध गराएको छ। कार्यक्रम कार्यान्वयन गर्ने गैरसरकारी संस्थाको कामको अनुगमन तथा मूल्याङकन सम्वन्धित पालिकाले गर्नुपर्नेमा स्वयं सोही संस्था वाट गराई खर्च लेख्न नमिल्ने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,८५० |

६०.४ पालिकाले सम्पादन गर्नुपर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु संचालन गर्न कृषि तथा पशू प्राविधिक कार्यरत रहेको अवस्थामा उक्त कार्य हेफरवाट गराउनु उपयुक्त देखिएन ।

६०.५ सम्झौताको वुँदा नं. ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ।हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

६०.६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु.३७०७८३३।७७ भुक्तानी गरेको र हेफर प्रोजेक्टले समाज उत्थान सहयोग केन्द्र मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी पश्चात भुक्तानी दिनेगरी सम्झौतामा पुनरावलोकन गरीनु पर्दछ ।

६०.७ साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन ।

६०.८ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन। गाउँपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वयन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था समाज उत्थान सहयोग केन्द्र, नेपालमार्फत गराएको छ। गाउँपालिकाले हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको

परीक्षण बेगर नै परियोजनाको कार्यान्वियन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वियन गर्ने गराउने कार्य औचित्यपूर्ण देखिएन ।

६१ **खल्लुक भञ्जयाङ वितविजार मोटर बाटो कालोपत्रे (EGP/NCB/UG/PRM/05/2080-81) :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने उल्लेख छ । सोहि ऐनको दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत हुने तथा सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकि रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०क.(६) मा खरिद सम्झौता अन्त्य भएमा सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम सम्बन्धित निर्माण व्यावसायीलाई कालोसुचीमा राख्न लेखी पठाउनु पर्नेछ भन्ने व्यवस्था छ ।

पालिकाले यस वर्ष प्रदेश समपुरक स्रोत अन्तर्गत खल्लुक भञ्जयाङ वितविजार मोटर बाटो कालोपत्रे गर्न रु.१४६७०७४३।–को लागत अनुमान तयार गरि २०८०।७।१४ मा बोलपत्रको सुचना प्रकाशन गरेको पाइयो । सूचना बमोजिम ८ वटा बोलपत्र परेकोमा सबै भन्दा कम कबोल गर्ने Ma Nirman Sewa सँग मिति २०८०।९।२२ मा रु.१०७६९१०१।-(VAT/PSसमेत) को २०८१।२।२० सम्म सम्पन्न गर्ने गरि सम्झौता भएको देखिन्छ । उक्त निर्माण व्यावसायले कृषि विकास बैंक बाट जारि भएको बैंक जमानत नं. PB/203/0090/5484/24 रु.१३९००००।–को मिति २०८०।३।३१ सम्म मान्य हुने कार्यसम्पादन जमानत पेश गरेको र सम्झौता बमोजिम मिति २०८०।९।२२ मा कार्यादेश दिएको पाईयो । व्यवसायीलाई प्रथम रनिङ्ग विल बापत गो.भौ.नं.११।०८१।१।२८ बाट रु.१३२५५५९।–र दोस्रो रनिङ्ग विल बापत गो.भौ.न.११।२०८०।१।२८ बाट पेश्कि रकम रु.१०७६४५५।–कट्टि गरि रु.४२८०८३।–समेत गरि कुल रु.२८३००९७।–भुक्तानी भएको पाइयो । तत्पश्चात कुनै प्रगति नभएकोमा पालिकाबाट २०८१।१।२३ मा बाँकि निर्माण कार्य रु.११८४०६४६।-को Work Schedule बनाइ पेश गर्नुहुन भनि पत्र काटेको पाईयो । सो पत्र पश्चात समेत कुनै भौतिक तथा वित्तिय प्रगति नभएकोले सम्झौता बमोजिम कार्य अगाढी नबढाएमा ठेक्का तोड्न सकिने भनि पुनः निर्माण व्यावसायिलाई पालिकाबाट पत्र काटेको पाईन्छ । सम्झौता बमोजिम कार्य अगाढी नबढाएको, Work Schedule बमोजिमको कार्य अगाढी नबढाएको तथा म्याद थपको निवेदन समेत नदिएकोले मिति २०८१।७।१३ मा कार्यपालिकाको बैठकले ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरेको पाइयो । तसर्थ पालिकाले उक्त निर्माण व्यावसायी Ma Nirman Sewa लाई नियमानुसार कारवी गरी बैंक जमानत जफत गर्नु पर्ने देखिन्छ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९०,००० |

६२ **पकेट विकास :**

६२.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलब्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार आ.व.२०८०।८१ मा सुन्तला वाली निरन्तरताको लागि वजेट विनियोजन रु.६०००००।-विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान गरेको जनाई देविनगर महिला कृषि सहकारी संस्था लि.लाई गो.भौ. ४१२।०८१।३।१८ बाट रु.५५२०४७।-रकम भुक्तानी दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

६२.२ देविनगर महिला कृषि सहकारी संस्था लि.लाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार गो.भौ.१४१।०८०।९।२४ बाट रु.३०००००।-भुक्तानी तथा दुर्गामाता महिला वचत तथा ऋण सहकारी ली.लाई गो.भौ.४१२।०८१।

३।१८ बाट रु.५५२०४७।-भुक्तानी दिएकोमा विभिन्न सामाग्रीहरू खरीद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो समुहहरूले प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरीद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले सुन्तला खेति लगायतको कार्यको लागि समयमा नै सम्झौता गराई अनुदान रकम निकासा दिनुपर्नेमा अनुकूल सिजनमा कार्य गरे गराएको देखिएन सो तर्फ सरोकार पक्ष सजग हुनुपर्ने देखिन्छ। साथै पालिकाले अनुदान रकमको सहि सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

६३ **ल्याब व्यवस्थापन :**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले Digital Library व्यवस्थापनको लागि सबै विद्यालयमा एकै प्रकृतिको सामान खरिद गर्न स्पेशिफिकेसन तयार गरी सबै विद्यालयहरुलाई २०७९।९।२७ को निर्णय अनुसार परिपत्र गरेकोमा पालिकाले सोहि अनुसारको स्पेशिफिकेसनमा रहि सामाग्री खरीद गर्नुपर्ने देखिन्छ । तर पालिकाले विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण अन्तर्गत मातृभूमी माध्यमिक विद्यालयलाई ICT ल्यावको लागि गो.भौ.४०१।०८१।३।१६ बाट रु.६४९९०१।-निकासा दिएको छ । तर विद्यालयले पेश गरेको संलग्न कागजातको परीक्षण गर्दा खरिद गरिएका सामाग्री केन्द्रले तोकिएको स्पेशिफिकेसन बमोजिमको सामानहरू खरिद भएको पाईएन । अतः यसरी तोकिए अनुसारको सामान खरीद नगरेको रकम नियमसम्मत नदेखिएको रकम, रू.

| **क्र.सं** | **सामान** | **संख्या** | **रकम** |
|---|---|---|---|
| १ | Avr Board | १ | २७५१५५ |
| २ | OPS For AVR Board | १ | ६२१५० |
| ३ | Stand For AVR Board | १ | २५९९० |
| ४ | All in One Computer | २ | ७८६५९।३० |
| ५ | Ell Desktop Computer | १ | १२१३६२ |
| ६ | Colour Printer | १ | २३१६५ |
| ७ | MIS Software | १ | ६१०२० |
| ८ | Speaker For Desktop Computer | १ | २४०० |
| | | **जम्मा** | **६४९९०१।-** |

| | |
|---|---|
| अनियमित भएको | ६,४९,९०१ |

६४ **संचालन नभएका कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति विवरण तयार गरि कार्यक्रम गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | कृषि स्नातक करार | ५०००००।- |
| २ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४०००००।- |
| ३ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | २४०००००।- |
| ४ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १३९००००।- |
| ५ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | १५०००००।- |

६५ **सेनीटरी प्याड खरीद**

६५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालीकाले नियमावलीको व्यवस्था अनुसारको लागत अनुमान तयार गरी तोकिएको प्रकृया अवलम्वन गरी खरीद गर्नुपर्नेमा लागत अनुमान समेत तयार नगरी दरभाउपत्रको माधयमबाट कम कवोल जनाई नारी सेनिटरी प्याड उद्योगबाट प्रति प्याड रु.७४।५८ का दरले १५२४५ प्याडको गो.भौ.४०४।०८१।३।१६ बाट रु.११३६९७२।-भुक्तानी दिएको छ । लागत अनुमान तयार गरी शिलवन्दि दरभाउपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा लागत अनुमान वेगर खरीद गर्दा प्रतिशपर्धा कम हुने तथा गुणस्तर समेत नहुने देखिन्छ । यसरी ऐन नियमावलीको व्यवस्थाको प्रतिकूल हुनेगरी खरीद गरेको तथा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसारको सेनिटरी प्याडको स्पेशिफिकेशन २४०+-२० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को हुनुपर्नेमा पालिकाले सो अनुसारको स्पेशिफिकेशनको सेनीटरी प्याड खरीद नगरी २८० mm को खरीद गरेकोले सो रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ११,३६,९७२ |

६५.२ पालीकाले नियमावली तथा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थिहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले खरीद गरेको उल्लेखित १५२४५ सेनिटरी प्याड बर्षान्तमा खरीद गरी विद्यालयलाई बुझाएको जनाएकोमा सो सामाग्री विद्यालय जिन्सी खातामा दाखिला छ, छैन सोको प्रमाण पेश भएको छैन । बार्षिक रूपमा विनियिजित रकम सोहि आर्थिक बर्षको लागि हुनेमा पालिकाले बर्षान्तमा सामान खरीद गरी विद्यालयमा हस्तान्तरण गरेको जनाएकोमा विद्यालयमा सोहि गुणस्तर कायम राख्ने गरी विद्यालयले व्यवस्थापन गर्न सक्ने नसक्नेमा आश्वस्त हुन सकिएन । अतः पालिकाले सम्वन्धित लक्षितवर्गलाई सुविधा उपभोग गर्नेगरी समयमा नै खरीद तथा व्यवस्थापन हुनुपर्दछ ।

६६ **वालविकास कर्मचारी वितरण :**

पालिकाकाले कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ अनुसार विद्यालयको विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थि संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थि कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| सि.नं. | विद्यालयकोनाम | संघीयदरबन्दी | पालिकाअनुदान | जम्मा | बा.वि.के.विद्यार्थीसंख्या |
|---|---|---|---|---|---|
| १ | श्री मनकामना बा.वि.के. ,वीरकोट | १ | ० | १ | ९ |
| २ | श्री खाँडदेवी वा.वि.के.,वीरकोट | १ | ० | १ | १० |
| ३ | श्री कालिका वि.वि.,वीरकोट | १ | ० | १ | १० |
| ४ | श्री गणपति मा.वि.,वीरकोट | १ | ३ | ४ | ४३ |
| ५ | श्री किसानप्रा.वि.,वीरकोट | १ | | १ | १२ |
| ६ | श्री जनकल्याण प्रा.वि.,वीरकोट | २ | | २ | १४ |
| ७ | श्री शहिद लखन थापा प्रा.वि.,वीरकोट | ० | १ | १ | ६ |
| ८ | श्री मण्डली प्रा.वि.,वीरकोट | १ | | १ | ९ |
| १० | श्री मुकुन्द प्रा.वि.,देवीनगर | १ | | १ | ५ |
| ११ | श्री भिमसेन प्रा.वि.,देवीनगर | १ | १ | २ | २९ |
| १२ | श्री जनप्रिय प्रा.वि.,देवीनगर | १ | | १ | १२ |
| १३ | श्री कमलादेवी प्रा.वि.,देवीनगर | १ | | १ | ६ |
| १४ | श्री मातृभूमि मा.वि.,देवीनगर | १ | ३ | ४ | ४२ |
| १५ | वालसाक्षरता वा.वि.के.,देवीनगर | १ | | १ | ४ |
| १६ | श्री बालहित प्रा.वि.,हेक्लाङ् | १ | | १ | १२ |
| १७ | श्री बालकल्याणप्रा.वि.,हेक्लाङ् | १ | | १ | १० |
| १८ | श्री कालिका प्रा.वि.,हेक्लाङ् | १ | | १ | २ |
| १९ | श्री सत्यवती प्रा.वि.,हेक्लाङ् | १ | | १ | ८ |
| २० | साहरा वा.वि.के.,हेक्लाङ् | १ | | १ | १३ |
| २१ | श्री जनप्रिय मा.वि.,हेक्लाङ् | १ | | १ | १३ |
| २२ | श्री शम्भु मा.वि.,जल्पा | १ | ३ | ४ | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | सायरी वा.वि.के.,जल्पा | १ | | १ | १२ |
| २४ | श्री कमला आ.वि.,जल्पा | १ | | १ | ७ |
| २५ | श्री कमला प्रा.वि.,जल्पा | १ | | १ | २ |
| २६ | श्री जनप्रकाश आ.वि.,जल्पा | १ | १ | २ | १९ |
| २७ | श्री सरस्वती मा.वि.,जल्पा | १ | ३ | ४ | ५२ |
| २८ | श्री बाराही प्रा.वि.,रिङ्नेरह | १ | | १ | ३ |
| २९ | श्री जनउज्वल आ.वि.,रिङ्नेरह | १ | १ | २ | २० |
| ३० | श्री उदबुद्ध मा.वि.,रिङ्नेरह | २ | ५ | ७ | ९६ |
| ३१ | श्री जनजागृति प्रा.वि.,सिलुवा | १ | | १ | १० |
| ३२ | श्री मदनआश्रित आ.वि. | १ | १ | २ | १७ |
| ३३ | श्री किसान प्रा.वि.,सिलुवा | १ | | १ | ६ |
| ३४ | श्री शारदा आ.वि.,सिलुवा | २ | | २ | २३ |
| ३५ | श्री अकला आ.वि.,सिलुवा | १ | | १ | १५ |
| ३६ | श्री जनमार्ग मा.वि.,सिलुवा | १ | १ | २ | २२ |
| ३७ | श्री मनकामना प्रा.वि.,सिलुवा | १ | | १ | ८ |
| ३८ | श्री रोकोता प्रा.वि.,सिलुवा | १ | | १ | १० |
| ३९ | श्री पुष्पस्मृति प्रा.वि.,सिलुवा | ० | १ | १ | ० |
| ४० | सत्यवती वा.वि.के.,जल्पा | १ | | १ | ५ |
| ४१ | देउराली वा.वि.के.,रिङ्नेरह | १ | | १ | ४ |

६७ **निजी शिक्षकको तलब भत्ता :**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत कार्यक्रम भित्रमात्र सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई

शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ १९ जनालाई, नि.वि तर्फ ४ जनालाई र मा.वि तर्फ ४ जना शिक्षकलाई गरी बार्षिक रु.४३०००००।-वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । पालिकामा रहेको शिक्षक र विद्यार्थिहरूको अनुपात हेर्दा देहाय अनसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ती तथा खर्च गर्नुपर्ने देखिन्छ ।

| तह | दरवन्दि शिक्षक | विद्यार्थि संख्या | पालिका अनुदान शिक्षक | शिक्षक विद्यार्थि अनुपात |
|---|---|---|---|---|
| प्रा.वि. | १५८ | १४०५ | १९ | ७.९४ |
| नि.मा.वि. | ३० | ८९१ | ४ | २६.२१ |
| मा.वि. | ३८ | १०८१ | ४ | २५.७४ |
| **जम्मा** | **२२६** | **३३७७** | **२७** | **१३.३५** |

## ६८ विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारण :

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थीलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा ३०४ विद्यार्थी मध्ये देहायका विद्यार्थीहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थीहरुलाई ग्रेड बृद्धि नगरी सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को विद्यार्थीको परीक्षाको प्रतिफल निम्नानुसार रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विशेष पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.सं. | विषय | सहभागी | A+ | A | B+ | B | C+ | C | D | NG |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ३०४ | ० | २२ | ७७ | १४३ | ४४ | १० | ७ | १ |
| २ | अङ्ग्रेजी | ३०४ | ३ | ४६ | ४६ | १५१ | ७२ | ११ | ५ | १ |
| ३ | गणित | ३०४ | ० | ६ | ३९ | १०८ | १२४ | २२ | ४ | १ |
| ४ | सामाजिकअध्ययन | ३०४ | ५ | ३२ | ८२ | १०५ | ७२ | ४ | ३ | १ |
| ५ | विज्ञानतथा वातावरण | ३०४ | ० | ४ | ६७ | ९५ | ११६ | १३ | ८ | १ |
| ६ | स्वास्थ्यतथा शारीरिक | ३०४ | ८ | ३३ | ६८ | १४६ | ३४ | ८ | ६ | १ |
| ७ | कम्प्युटर | ३०४ | ४ | १७ | ५१ | १५९ | ४९ | १३ | १० | १ |

## ६९ राष्ट्रिय शिक्षा नीतिको पालना :

६९.१ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको

पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

६९.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६९.३ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

७० **थप पाठ्यपुस्तक वितरण :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,२४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,६०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,३८४.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,९९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,२४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,०८३.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७१ **दिवा खाजा :**

७१.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८० को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ५२ वटा विद्यालयहरुमा गरी जम्मा रु.४४८४३३०।-विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन समेत गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

७१.२ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या एकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थीको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

७१.३ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

७१.४ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८०।८१ को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुमा दिवा खाजाको निकासा दिंदा अगाडिको त्रैमासिक

निकासाको खर्चको प्रमाणका साथै विद्यार्थिहरुको प्रमाणित हाजिरी समेत पेश गर्नुपर्ने व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष्यको हस्ताक्षर विना नै पेश भएको हाजिरी परीक्षण गर्दा देहायका विद्यालयहरुमा बर्षभरी नै १०० प्रतिशत विद्यार्थि हाजिरी रहेको पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी वालविकास देखि ५ कक्षा सम्म नै बर्षभरी शत् प्रतिशत विद्यार्थि हाजिरी रहेको पेश गरेको पाईएकोले निज विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुको हाजिरी वास्तविक हो भनि एकिन हुनसक्ने आधार देखिएन । तपशिलका विद्यालयहरुको विद्यार्थि संख्या, हाजिरीको अवस्था, शैक्षिक उपलव्धी र दिवा खाजाको सदुपयोगको सम्वन्धमा पालिकाले छानविन गरी थप असूल हुने देखिएमा समेत असूल गरी प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ, रु.

| **विद्यालय** | **निकासा रकम** |
|---|---|
| खाँडदेवी आधारभूत विद्यालय | ११६९७० |
| मुकुन्द प्रा वि | ५०७४५ |
| बालहित प्रा वि | ११९८३५ |
| बालकल्याण प्रा वि | ९३०७५ |
| जन जागृति प्रा वि | ११८७४० |
| **जम्मा** | **४९९३६५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,३६५ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । प्रतिक्रियावाट ०.८८ घ.मी. बढीको भुक्तानी भएको भनि नापी तथा रनिङ् विल पेश गरेकोले प्रति ईकाई दर समेत रु.६००००।-का दरले हुने रु | ५९,६६४ |
| २ | सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाबाट निर्माण व्यवसायीलाई पाँचौ रनिङ्ग विलसम्म मूल्य समायोजन रकम रु.९७५६३४१।३१ समेत हुने रु.९९८७३२४७।९१ भुक्तानी भएको तथा छैठौ रनिङ्ग विलको रकम रु.१३७१९२९६।१० गरी जम्मा रकम रु.१०३८३६२०२।८३ को भुक्तानी भएको देखिन्छ । तर छैठौ विलमा अद्यावधिक रकम रु.१०३१४८१६८।४२ मात्रै देखाईएकोले रु.६८८०३४।४१ फरक परेकोले सो बढी रकमको प्रमाण पेश हुनुपर्दछ, रु. | ६,८८,०३४.४१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पुर्वखोला गाउँपालिका, पाल्पा , पूर्वखोला गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुन्दर प्रसाद श्रेष्ठ | २०८०-५-६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | मान बहादुर सारु | २०७८-१२-२१ | २०८०-४-३२ |
| लेखा प्रमुख | सुमन भट्टराई | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७१९,४२४.५९ | १५,२४९,३२०.९९ | १४,५५५,१२४ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३०,५२३,८६९.५८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ११,९६४,३५८.५९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ७४७,६९८.४१ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,३०७,२०९.४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २९५८१५८४.३८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४५५३६०८२३ | **चालु खर्च** | ३९६४३४५४७.३६ |
| **प्रदेश सरकारबाट अनुदान** | २०२५०००० | **पूँजीगत खर्च** | १४७३०५६४७ |
| **राजश्व बाँडफाँट** | ७७५४९४०९.०९ | **वित्तीय/अन्य व्यवस्था** | २०९२९०१९.०९ |
| **आन्तरिक आय** | ५६१८९३१.० | | |
| **अन्य आय** | २६५५७९२.९८ | | |
| **कुल आय** | ५६१४३४९५६.०७ | **कुल खर्च** | ५६४६६९२१३.४५ |
| **बाँकी मौज्दात** | | २६३४७३२७ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।